**मिति २०७८बैसाख १० गते (वि.सं.२०७८।१।१०) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ८औं नगर सभा बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको रणनीतिक तथा आवधिक योजना,२०७८ पारित गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिकाको तपसिल बमोजिमका बिधेयक,नियमावली स्वीकृत गर्ने सर्बसम्मत निर्णय गरियो ।

| |
|---|
| क)ऐनहरु :<br>वातावरण तथा जैबिक विविधता संरक्षण बिधेयक,२०७७ ,<br>जलाधार संरक्षण बिधेयक प्रस्तुत, जग्गा नापजांच बिधेयक २०७७ ,<br>तुलसी मेडल र मानपदबी/पदक सिफारिस तथा प्रदान गर्ने सम्बन्धी बिधेयक,२०७७,<br>तुलसीपुर जनशक्ति स्रोत केन्द्र सञ्चालन तथा ब्यवस्थापन गर्न बनेको बिधेयक,२०७७,<br>स्थानीय तथ्याङ्क बिधेयक ,२०७७ |
| ख) नियमावलीहरु<br>क) तुलसीपुर उपमहानगरपालिकाको स्थानीय सार्बजनिक खरिद नियमावली ,२०७७<br>ख) तुलसीपुर उपमहानगरपालिकाको स्थानीय आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली ,२०७७ |
| ग) संशोधनहरु :<br>क) नगर शिक्षा ऐनको दोश्रो संशोधन ,२०७७<br>ख) तुलसीपुर मेट्रो कलेज सञ्चालन बिधान लाई संशोधन गरी तुलसीपुर मेट्रो कलेज सञ्चालन ऐन र **तुलसीपुर वहुप्राविधिक शिक्षालय संचालन** ऐन २०७७ संशोधन गर्ने निर्णय गरियो । |

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०७७/०७८ मा यस कार्यालयका कोहि पनि जनप्रतिनिधिहरु र कर्मचारीहरुले कुनै प्रकारको बैठक भत्ता नलिई बिकास निर्माणमा लगगाउने निर्णय गरिएको भएता पनि कोभिडको यो महामारीको बिषम परिस्थितिमा कर्मचारी र जनप्रतिनिधिहरु जीउज्यानको प्रभाह नगरी नागरिकको सेवामा तल्लीन हुनु भएकोले निजहरुलाई नेपाल सरकारले





घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८बैसाख १० गते (वि.सं.२०७८।१।१०) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ८औं नगर सभा बैठकका निर्णयहरु :**

उपलब्ध गराए जस्तो सेवा सुबिधा उपलब्ध गराउन नसकिने भएकोले कम्तीमा बैठक भत्ता उपलब्ध गराई कर्मचारी र जनप्रतिनिधिहरुलाई प्रोत्साहित गरी कोभिड नियन्त्रणमा खटाउन मनासिव देखिएकोले आ.ब. २०७७/०७८ को बिनियोजित बजेटको नगरस्तरीय शिर्षकबाट चालु आ.ब.को नगरसभा,कार्यपालिका बैठक,बिभिन्न बिषयगत समितिका बैठकहरु,प्रमुख प्रसाशकीय अधिकृतको अध्यक्षतामा बसेको बैठकहरु र वडा समितिको बैठकको भत्ता नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

बिश्वब्यापी महामारीको रुपमा फैलिएको Covid १९ को संक्रमण यस उपमहानगरपालिकामा समेत परेकोले आजको नगरसभाको शुन्य समयमा सबै जनप्रतिनिधिहरु,कर्मचारीहरु नगरबासीको जीउज्यानको रक्षा,उपचार,उद्धार,राहत र पुनस्थापनामा एकमनले लाग्ने संकल्प प्रस्ताव पारित गर्ने सर्बसम्मत निर्णय गरियो ।